# नगर सन्देश

नगर सन्देश वा:पौ (साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अङ्क २८ ● ने.सं. ११४० तछलाथ्व ३ (तृतिया) ● वि.सं. २०७७ जेष्ठ १२ गते, सोमबार ● 2020 May 25 Monday ● पृष्ठ ८

अनलाइन संस्करण


# कीर्तिपुरमा क्वारेन्टाइनमा बसेकाहरू सबै घर फर्के



कीर्तिपुर नगरपालिकाले कोरोना भाइरस (कोभिड -१९) को आफ्ना जनप्रतिनिधि, सफाइ मजदुर, कर्मचारी, स्वास्थ्यकर्मी लगायत सुरक्षाकर्मी र पत्रकारहरूको परीक्षण गरेको छ। गत जेष्ठ ५ गते पहिलो पटक सफाइ मजदुरहरू ६९ जनाको आरडिटी परीक्षण गरिएको थियो भने २८ जनाको पीसीआर परीक्षण गरिएको थियो। आरडिटी परीक्षण गरिएकाहरू मध्ये ४ जनामा पोजिटिभ देखिएको थियो । वहाँहरूलाई तुरुन्तै कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालय परिसरमा रहेको क्वारेन्टाइनमा राखिएको थियो। जेष्ठ ६ गते जनप्रतिनिधि र कर्मचारीहरूको आरडिटी र पीसीआर परीक्षण गरिएकोमा ४ जना जनप्रतिनिधि र एक जना कर्मचारीमा पनि आरडिटी पोजिटिभ देखिएको थियो। वहाँहरूलाई पनि वडा नं ९, छुगां स्थित राराहिल स्कुलमा बनाइएको क्वारेन्टाइनमा राखिएको थियो।

जेष्ठ ७ गते मध्यपुर थिमि नगरपालिकाद्वारा सञ्चालित नेपाल कोरिया मैत्री अस्पतालबाट कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूको पीसीआर परीक्षण गराइएको थियो । अघिल्लो दिन आरडिटी पोजिटिभ आएका जनप्रतिनिधि र कर्मचारीको समेत स्वाव परीक्षण गरिएको थियो। यस स्वाव परीक्षणमा सबै जनाको नेगेटिभ रिपोर्ट आएको थियो भने आरडिटी पोजिटिभ आएको सफाइ मजदुरहरूको पनि जेष्ठ ९ गने पुनः आरडिटी परीक्षण गरेकोमा वहाँहरू सबैको रिपोर्ट नेगेटिभ आएको थियो।

यसरी क्वारेन्टाइनमा बसेका सबैजनाको नेगेटभि रिपोर्ट आएकोले जेष्ठ १० गते वहाँहरू सबैजनालाई कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्कालगायत वडा नं.२ का अध्यक्ष रमेशमान डंगोल, वडा नं.३ का अध्यक्ष राजेन्द्र महर्जन र वडा नं १० का अध्यक्ष अमन महर्जनको रोहवरमा स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले अझै १४ दिन सम्म सेल्फ क्वारेन्टाइनमा बस्ने सल्लाह दिनुहुँदै घर पठाउनुभएको थियो।

पहिले नै अन्य स्थानबाट कीर्तिपुर आएका ४ जनालाई पनि कीनपा ४ स्थित ग्रीन भिलेज स्कुलको क्वारेन्टाइनमा राखिएकाहरू पनि हिजो ११ गते आरडिटी परीक्षणमा नेगेटिभ रिपोर्ट आएकोले हिजै आ-आफ्नो घर पठाइएको छ।

यसरी अहिले कीर्तिपुरमा कोही पनि क्वारेन्टाइनमा बस्नु परेको छैन भने १०७ जनाको पीसीआर रिपोर्ट भने अझै आउन बाँकी नै रहेको छ।

## सम्पादकीय

# सन्त्रासमा वितेको हप्ता

यही जेठ ५,६ र ७ मा कीर्तिपुरमा गरिएको कोरोना भाइरस सङ्क्रमणको परीक्षण गर्ने क्रममा कीर्तिपुर नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा कीर्तिपुर क्षेत्रमा सफाइ सम्बन्धी कार्य गर्ने सफाइकर्मी र नगरपालिकाका कर्मचारीहरूसमेत गरी जम्मा ३७१ जनाको RDT र १६१ जनाको PCR पद्धतीबाट गरिएको परीक्षण मध्ये RDT तर्फको रिपोर्ट आउने क्रममा जम्मा ९ जनामा CORONA VIRUS Positive देखिएको दुखद समाचार कीर्तिपुरबासीले सुन्नु परेको थियो। आफ्नो नगरमा एकै पटक RDT नै सही त्यति ठूलो सङ्ख्यामा कोरोना भाइरस सङ्क्रमणको खबरले कतै कीर्तिपुर नगरपालिका यस महामारीको इपिसेन्टर त बन्दै छैन भन्ने सन्त्रास फैलिएको थियो। सो समाचार सँगसँगै कीर्तिपुर नगरपालिका क्षेत्रमा एक प्रकारको त्रासको वातावरण सृजना भएको थियो र अनेक आशङ्काहरू जन्मिएका थिए। हाल आएको सम्पूर्णको रिपोर्ट Negative आएको र सबैलाई क्वारेन्टाइनबाट घर फर्काइएकोले कीर्तिपुरले राहतको अनुभूति गर्न पाएको छ।

कीर्तिपुरमा परीक्षण गरिएका मध्ये हालसम्म PCR को रिपोर्ट १०७ जनाको आउन बाँकी रहेको छ र त्यसबाहेक रिपोर्ट आएका सबैको रिपोर्ट Negative आएकोले बाँकी सबैको नतिजा पनि सुखद आउने आशा हामी सबैले लिएका छौं। आज हामीलाई प्राप्त नतिजाका आधारमा हामी उच्च जोखिममा रहेका भए तापनि अहिले सम्म सुरक्षित रहेको सन्देश प्रवाहित भएको छ। यस्तो भए तापनि अघिल्लो हप्ता पूरै कीर्तिपुर सन्त्रासको वातावरणबाट गुज्रनु परेको थियो।

अन्तमा करिब एक हप्ताको भय र सन्त्रासबाट हामीले मुक्ति पाएका छौं। नगरसन्देश परिवार कीर्तिपुर सधैं सुरक्षित रहोस् भन्ने कामना यो महामारीबाट छिटै नेपालसहित सिङ्गै विश्व यो कोभिड- १९ को महामारीबाट मुक्ति मिली पुन विश्व सामान्य जीवनमा फर्कने अपेक्षा गर्दछ। यस सन्त्रास र सङ्कटको समयमा पनि कीर्तिपुर नगरपालिका आदरणीय जनसमुदायले प्रदर्शन गर्नु भएको धैर्यता र लकडाउनको पालना गरी कीर्तिपुर नगरपालिकालाई सुरक्षित रहन भूमिका निर्बाह गर्नु भएकोमा सबैलाई हामी धन्यवाद् ज्ञापन गर्दछौं। आगामी दिनमा पनि सोही प्रकारको सहयोगको लागि हार्दिक अनुरोध गर्दछौं।

# कोरोना विपद्, जनस्वास्थ्य र निजि अस्पताल

**केदार बुढाथोकी**

कोरोना सङ्क्रमण दिन प्रतिदिन बढ्दै गइरहेको छ। यो एउटा व्यक्ति, समुदाय र राष्ट्रको मात्र नभई सबैको साझा चुनौति बन्दै गइरहेको छ। यसले मानव जनस्वास्थ्यमा गम्भिर असर पार्दै गएको छ। व्यक्तिको व्यक्तिगत जीवनदेखि राष्ट्रको सामाजिक र आर्थिक पक्षलाई समेत प्रभाव पारेको छ। तसर्थ कोरोना सङ्क्रमण न्यूनीकरण गर्दै मानव जीवनलाई सामान्य अवस्थामा पुऱ्याउनका लागि हामी सबैको अहम भूमिका छ।

नेपालमा कोरोना सङ्क्रमणको दर बढ्दै गएको छ। विशेषगरी भारतसँगको खुला सिमाना र विभिन्न मुलुकबाट नेपाल फर्कने नेपालीहरू सङ्क्रमणका मुख्य श्रोत भएका छन् भने सामाजिक व्यवहार र हेलचेक्र्याईंले सङ्क्रमणको दर बृद्धि हुँदै गएको छ। यस तर्फ सरकार र जनता दुबै सचेत र सजक हुनु जरुरी छ। सङ्क्रमणलाई रोक्न र सङ्क्रमित व्यक्तिबाट दोश्रो व्यक्तिमा सर्ने सम्भावनालाई कम गर्न सामाजिक र भौतिक दूरी कायम गरी आफ्ना अत्यावश्यक नियमित कामहरू अगाडि बढाउनु पर्दछ। सङ्क्रमणलाई रोक्नु पर्दछ। यदि सङ्क्रमित व्यक्ति पहिचान भएमा सावधानीपूर्वक उपचारको व्यवस्था गर्नुपर्दछ। उपचारका क्रममा सङ्क्रमित व्यक्तिको मनोबल उच्च बनाइराख्नु पर्दछ।

कुनै पनि देशको अर्थतन्त्रको मूल आधार उक्त देशको स्वस्थ जनशक्ति नै हो। तसर्थ हामीले स्वस्थ जनशक्ति उत्पादनका लागि आधारभूत स्वास्थ्य सुविधाको विकास र प्रयोग, विस्तार र पहुँच बृद्धि गर्नु पर्दछ। त्यसका लागि सरकारले निजी क्षेत्र लगायतको साझेदारीमा आवश्यक निति तथा कार्यक्रममार्फत जनताको स्वास्थ्य सुविधाको ग्यारेन्टी गर्नु पर्दछ। जसले गर्दा एकातिर जनतालाई नियमति स्वास्थ्य सुविधामा सहज हुन्छ भने अर्कोतिर भविष्यमा आउन सक्ने कुनैपनि स्वास्थ्य सम्बन्धी विपद्लाई न्यूनीकरण रोकथाम र विपद् व्यवस्थापनमा सहयोगी सिद्ध हुन्छ। त्यसैले जनस्वास्थ्य जस्तो गम्भिर कुरामा व्यक्ति, निजी क्षेत्र र सरकार सबै नै जिम्मेवार भएर अगाडि बढी कोरोना भाइरसजस्ता विपद्लाई जित्नु पर्दछ।

हाम्रो देशको स्वास्थ्य सुविधा र पहुँच सबै व्यक्तिका लागि सहज र सरल छैन। सरकारी तथा निजी अस्पतालहरूले आफूले सक्दो सुविधा दिने प्रयास गरेका छन्। तर पनि त्यो पूर्ण हुन सकेको छैन। अझ यो कोरोना विपद्मा जनताले जसरी स्वास्थ्य सुविधाको सुनिश्चितता खोजेका थिए, त्यो पूरा हुन सकेको छैन। सङ्क्रमित बिरामी पहिचान भएमा बिरामीलाई अस्पतालसम्म पुऱ्याउने एम्बुलेन्स समेत पाउन सकिएको छैन। अस्पताल पुगेपछि, बिरामीले बेड सुविधाको अभावमा समयमै उचित उपचार पाउन समेत सकेका छैनन् भने यति बेला निजी अस्पताल रमिते र मुकदर्शक मात्र बनेका छन्। आफ्ना अस्पतालको ढोका बन्द गरेका छन्। उनीहरूले अत्यन्तै गैर जिम्मेवारी देखाएका छन् भने व्यवसायिक धर्मलाई नै तिलाञ्जलि दिएका छन्। जनताप्रतिको जिम्मेवारीबाट भागेका छन्। अझै चाखलाग्दो कुरा त के छन् भने आफ्नै कर्मचारी र स्वास्थ्यकर्मी लगायतमा पनि सङ्क्रमण देखिए पछि आफूले उपचार नगरी सरकारी अस्पतालमा पठाउने गरेका छन्। निजी अस्पताल सरकारको सुविधा र सहुलियतमा स्थापना हुने तर नितान्त आर्थिक फाइदा मात्र हेर्ने एक मात्र ध्येयले अगाडि बढेको देखिन्छ। उसले सरकारप्रतिको जवाफदेहिता र जनताप्रतिको उत्तर दायित्व भुलेको छ।

तसर्थ यो विपद्मा जनताको स्वास्थ्य सुविधाको ग्यारेन्टी गरी सङ्क्रमित पहिचान बिरामीको उपचार व्यवस्था गर्न सरकार गम्भिर हुनु जरुरी छ। आफ्नो सबै श्रोत र साधानको उच्चतम प्रयोग गर्दु पर्दछ। जनताले आफ्नो अभिभावकत्वको अनुभूति गर्न पाउनु पर्दछ। यस्तो बेलामा निजी अस्पताललाई पनि जनताको उपचार गर्न र सोही अनुसारको आवश्यक व्यवस्था गर्न अनिवार्य गर्नु पर्दछ। अन्यथा निजी अस्पतालको स्वीकृति समेत खारेज गरी राष्ट्रियकरण गर्नु पर्दछ। त्यस्ता अस्पतालको आवश्यकता र औचित्य माथि प्रश्न उठेका छन्।

*(लेखक कीर्तिपुर नगरपालिकाका रोजगार संयोजक हुन्।)*

### मेरो धारणा



**यस्तो बेलामा निजी अस्पताललाई पनि जनताको उपचार गर्न र सोही अनुसारको आवश्यक व्यवस्था गर्न अनिवार्य गर्नु पर्दछ। अन्यथा निजी अस्पतालको स्वीकृति समेत खारेज गरी राष्ट्रियकरण गर्नु पर्दछ। त्यस्ता अस्पतालको आवश्यकता र औचित्य माथि प्रश्न उठेका छन्।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपाको प्रत्यक्ष साक्षात्कार कार्यक्रममा सहभागिताको लागि आह्वान



गत जेष्ठ ६ गते मङ्लबारदेखि कीर्तिपुर नगरपालिकाले युवा लक्षित कार्यक्रम अन्तर्गत साक्षात्कार कार्यक्रम सञ्चालन गरेको छा। उक्त कार्यक्रम प्रत्येक मङ्गलबार बिहान ७:३० बजे देखि एक घण्टासम्म सञ्चालन भइरहेको छ। पहिलो कार्यक्रममा नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुका साथै कार्यक्रम निरन्तरताको समेत कामना गर्नुभएको थियो।

पहिलो कार्यक्रममा अतिथिको रुपमा वीर अस्पतालमा कार्यरत डा.स्वरुप श्रेष्ठ, कीर्तिपुर अस्पतालका डा. निजिना ताम्रकार र पब्लिक हेल्थका तर्फबाट डा. बसन्त महर्जन सहभागी हुनुभएको थियो भने समसामयिक विषय कोभिड-१९ को बारेमा जानकारी र छलफल भएको थियो।

उक्त कार्यक्रम कीर्तिपुर नगरपालिकाको फेसबुक पेज "हेलो कीर्तिपुर नगरपालिका" र कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित नगर सन्देश पत्रिकाको फेसबुक "नगर सन्देश" बाट समेत प्रत्यक्ष प्रशारण भएको थियो। नगरबासीसँग प्रत्यक्ष सम्पर्कमा रहने यस कार्यक्रम सञ्चारकर्मी लक्ष्मीकुमार महर्जनले सञ्चालन गर्नुभएको हो भने यस कार्यक्रममा नगरबासीले प्रत्यक्ष सम्पर्क गरी समसामायिक विषयवस्तु कोभिड-१९ को विषयमा जिज्ञासा राखेका थिए। नगरबासीको जिज्ञासा बारे अतिथि डाक्टरहरूले प्रष्ट पार्नुभएको थियो।

भोलि मङ्गलबार दोश्रो पटकको कार्यक्रममा स्वास्थ्य स्वयंम सेविका नीलकुमारी महर्जन, डा. शिव शरण महर्जन, वडा नं. १ का अध्यक्ष हर्ष महर्जन र कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धर अतिथिको रुपमा आउनु हुनेछ भने उक्त कार्यक्रममा प्रत्यक्ष सहभागी हुनको लागि समेत अनुरोध गरेको छ।

## कीर्तिपुर नगरपालिकाको

## अत्यन्त जरुरी सूचना

**विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।**

**डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५**
**डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५**
**डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९**
**डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५**
**डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८**
**डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४**

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।**


# कीनपा अन्तर्गत २०७६ सालको आधारभूत तह कक्षा ८ को तथ्याङ्क र सामान्य विश्लेषण-२


– जुजुभाइ महर्जन

कीर्तिपुर नगरपालिका शिक्षा शाखाले सञ्चालन गरेको कक्षा ८ को नतिजा प्रकाशन भइसकेको छ । यस वर्षको परीक्षाफल नगरपालिका शिक्षा शाखाले bleresult.com मा आफ्नो सिम्बोल नम्बर टाइप गरी नतिजा हेर्न सकिने र मोबाइल मार्फत आफ्नो सिम्बोल नम्बर टाइप गरी स्पेस पछि 34949 मा मेसेज पठाई नतिजा पाउने व्यवस्था मिलाएको छ ।

नतिजा एसईई परीक्षाकै नियमानुसार ग्रेडिङ्ग प्रणालीमा आधारित रहेको कारण विद्यालय र विद्यार्थीहरूले आफ्नो नतिजा मात्र थाहा पाउन सकिने देखियो तसर्थ कति विद्यार्थी परीक्षामा सहभागी भए, कतिले कस्तो ग्रेड ल्याएको होला ? जस्ता कुरामा खुल्दुली रहनु स्वभाविक हो । देशव्यापी लकडाउनका कारण सबै विद्यालय र विद्यार्थीहरूलाई थप जानकारी र अवस्था थाहा पाउने उत्सुकता देखिएकोले यो विवरण तयार गर्ने प्रयाश गरिएको छ ।

अघिल्लो अङ्कमा विद्यार्थी सङ्ख्या, जातजातीगत विवरण तथा विद्यालयहरूको विवरण प्रस्तुत गरिसकिएको छ । यद्यपि ३१ वटा विद्यालयहरू कक्षा ८ को परीक्षामा सहभागी रहेको र कीर्तिपुर सल्यानस्थान स्थित सल्यानस्थान मा.वि. मा २०७६ शैक्षिक सत्रमा कक्षा ८ मा विद्यार्थी नभएका कारण प्रस्तुत नभएको हो । त्यसैगरी कीर्तिपुरमा धार्मिक विद्यालयका रुपमा छोक्नी गेछाक गुम्बा स्कुल, चोभार १, विशेष विद्यालयका रुपमा सफलता एचआइभी स्कुल १, सार्वजनिक शैक्षिक गुठी अन्तर्गत हिलटाउन, राराहिल, पाँगा मा.वि., लेबोरेटरी, नेपाल एपिएफ स्कुल र सल्यानस्थान मा.वि. गरी ६ वटा, नीजि शैक्षिक गुठी अन्तर्गत क्रियटिभ एकेडेमी र ग्लोरिया स्कुल २ वटा, कम्पनी ऐन अनुसार सञ्चालित विद्यालयहरूमा १३ वटा विद्यालयहरू तथा सामुदायिक विद्यालयहरू १० वटा र कक्षा ५ सम्म चलेका, पूर्वप्राथमिक तह सञ्चालनमा र हेका अरु दर्जनौ विद्यालयहरू कीर्तिपुरमा रहेका छन् ।




शैक्षिक सत्र २०७६ को आधारभूत तह कक्षा ८ को परीक्षामा सहभागी छात्र ७२६ र छात्रा ५५० मध्ये ६ जना विद्यार्थीले ४ जिपिए ल्याई आफ्नो उत्कृष्टता देखाउन सफल भए भने १८४ जना विद्यार्थीले A+ ग्रेड हासिल गरी अब्बल विद्यार्थी सावित भएका छन् । २८६ विद्यार्थीले ८० प्रतिशत अङ्क नघाई A ग्रेड ल्याएको देखियो । सरसर्ति हेर्दा ४७० जना अर्थात करीव ३७ प्रतिशत विद्यार्थीको नतिजा A वा सो भन्दा माथि रहेको देखिन्छ । त्यसैगरी B+ र B नतिजा ल्याउने विद्यार्थी सङ्ख्या क्रमशः ३४२ र ३५० छ जसको अर्थ करीव ५५ प्रतिशत विद्यार्थी उल्लेखित ग्रेड ल्याउन सफल भएको देखिन्छ । बाँकी ८ प्रतिशतले मात्र अन्य ग्रेड ल्याएको प्रष्ट हुन्छ । यो अवस्थालाई विद्यालयहरूले कक्षा ९ र १० मा कायम राख्ने, अझ थप प्रगति र मेहनत गर्ने हो भने कीर्तिपुरको २०७८ सालको एसईई नतिजा उपत्यकाकै नमुना सावित भई **शैक्षिक नगरी कीर्तिपुर** बन्न सकिने कुरामा विश्वास गर्न सकिन्छ ।

## GPA 4 ACHEIVERS

| S.N. | Name | GPA |
|---|---|---|
| 1 | AISHA BASNET | 4 |
| 2 | PEMBA TSERING LAMA | 4 |
| 3 | BIPANA TAMANG | 4 |
| 4 | SAIMON KUNWAR | 4 |
| 5 | PRABIN K.C. | 4 |
| 6 | KIRAN THAPA MAGAR | 4 |

# ऐतिहासिक पुखूया ल्ह्वनेज्या न्ह्यात



किपू नगरपालिकां छुं न्हि न्ह्यः लकडाउनया हुनिं दिनाच्वंगु योजना त सुचारु यायेत धाःगु खः । थ्वहे झ्वलय् किपूया न्हाय् थें जुयाच्वंगु वडा नं. ३, सागल व खाःसि बजारय् च्वंगु भिंपुखू (दथु पुखू)या ल्ह्वनेज्या म्हिगःआइतवार निसें शुरु जूगु दु।

किपू नगरपालिकाया ६९ लख व ६८ द्वः बजेतया थुगु योजनाय् उपभोक्ता समितिपाखें १७ लख ४१ द्वः व चाःचूतयेगु यानां मुक्कं ८७ लख बराबरया बजेतय् थ्व योजना न्ह्याकूगु खः ।

थुकीया लागि अनिल श्रेष्ठया नायःसुई रोशन श्रेष्ठ छ्याञ्जे व लिला कुमारी मानन्धर दांभरि लगायत ७ म्हेसिया भिं पुखू पूर्ण निर्माण उपभोक्ता समिति नं दयेकूगु खः । थकी फुर्सद महर्जनया कजिसुइ अनुगमन समिति नं दयेकूगु खः ।

वंगु २०७६ चैत्र ७ गते हे नगरपालिकाय् सम्झौता जुइधुंकूगु जूसां नं ११ गतेनिसें कोरोना भाइरस (कोभिड-१९)या हुनिं नेपाल सरकारं देसय् पूवंक लकडाउन याःगुलिं थ्व योजना थातिं लानाच्वंगु खः । सम्झौता कथं थ्वहे आर्थिक दँया लिपांगु न्हि (असार मसान्त) दुने क्वयचायेके माःगु धाःसानं आः ई तनेमाःगु उपभोक्ता समितिं धाःगु दु।

वंगु २०७२ सालया तःभुखाचं यानां स्थानीय मनूत थ्वहे पुखुलिइ टहरा दना च्वनेगु यानाच्वंगु खःसा लिपा व टहरा चीका पुलांगु नेवाः पहलं पुखू दयेकेत्यंगु खः। लुमंकेबहःजु, वंगु निर्दंन्ह्यःया पर्यटन न्हि लाका थ्व हे पुखुलिं आन्तरिक पर्यटक त दुकायेगु आज्जुं डुंगा तकं न्ह्याके धुंकूगु खः ।

किपू नगरपालिकाया ३ नं. वडाय् दुगु ऐतिहासिक स्वंगु पुखू दुगुलिं दक्वं हे पुलां नेवाः पहलं ल्ह्वनेज्या जुयाच्वंगु खःसा सागलय् च्वंगु लाभा पुखूया ज्या क्वचाइथें च्वनाच्वंगु दुसा खाःसिबजारय् दुगु मभिंपुखूया ल्ह्वनेज्या धाःसा छुं न्हि लिपांनिसें जक ज्या यायेगु न्ह्यथंगु दु।

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कीर्तिपुर, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल

प.स. ०७६/०७७
च.न.

मिति:- २०७७/०२/०१

(छाप: कीर्तिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३)

### कीर्तिपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना !

विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड – १९) को संक्रमण काठमाडौं उपत्यका भित्र पुनः देखिनेक्रम बढिरहेकोले यस कीर्तिपुर नगरक्षेत्रभित्र कोरोना भाइरसको जोखिम र संक्रमणबाट बच्नका लागि उच्च सतर्कता सहित तपशील बमोजिम गर्न गराउन हुन सम्पूर्ण नगरवासी र सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

१। कीर्तिपुर नगरक्षेत्र भित्र प्रवेश गर्ने अपरिचित र नयाँ मानिसको निगरानी गरी त्यस्ता मानिसहरुको बारेमा सम्वन्धित वडाअध्यक्ष, नगरपालिका वा स्थानीय प्रहरीलाई खबर गर्ने,

२। नयाँ मानिसहरुलाई यस अवधिभर घरभाडामा नदिने, आफ्नो घरमा भाडामा बसेका व्यक्तिहरु हाल उपत्यका बाहिर रहेको भए यस अवधिमा घरमा आउन नदिने, अत्यावश्यक काम परी आउनै परेमा कोरोना परीक्षण गर्न लगाई RDT वा PCR Report Negative भएमा मात्र घरमा बस्न दिने र यसको अटेर गरेमा घरधनी र स्वयमं व्यक्ति जिम्मेवार हुनेछ,

३। खाद्यान्न, तरकारी, डेरी पसल लगायतका अत्यावश्यक बस्तु तथा सेवा बिक्रि वितरण कार्य विहान ९:०० बजेसम्म मात्र सञ्चालन गर्ने गराउने

४। आधिकारिक पास विनाका सवारी साधनहरु सञ्चालन नगर्ने नगराउने,

५। नगरक्षेत्र बाहिरका व्यक्तिहरु कीर्तिपुर नगरपालिकाभित्र नगरपालिकाको सुरक्षित स्थानमा बस्न परेमा खाना लगायतका खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्नु पर्ने ,

६। नेपाल सरकारबाट घोषित लकडाउनको पूर्ण पालना गर्ने गराउने ,

..............................
रमेश महर्जन
नगर प्रमुख



**ज्वरो नापौं :** कीर्तिपुर नगरपालिका वडा नं. ३ सोन्हः स्थित चन्द्रागिरि नगरपालिकाको नाकामा बटुवाहरूको ज्वरो जाँच गर्दै पालिफल स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरू। कोभिड-१९ को बढ्को सङ्क्रमणलाई ध्यानमा राख्दै कीर्तिपुर नगरपालिकाले नगरका ७ वटै नाकामा स्वास्थ्य जाँच गरिसकेपछि मात्र प्रवेश गर्न दिएको छ। *तस्बिर : काजीराम मालाकार*

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या: ०७६/०७७
च.नं.: १३२

मिति: २०७७/०२/०१

**आधारभूत तह कक्षा ८ को परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा**

प्रस्तुत विषयमा मिति २०७७/०२/०१ गतेको कीर्तिपुर नगरपालिका आधारभूत तह कक्षा ८ को नगर स्तरीय परीक्षा समितिको निर्णय अनुसार मिति २०७६/११/२७ बाट सञ्चालन भएको कक्षा ८ को परीक्षाको नतिजा प्रकाशन गरिएको छ। विद्यार्थीहरुले नतिजा प्राप्त गर्न सम्बन्धित विद्यालयमा सम्पर्क गर्नहुन र तलको निर्देशन अनुसार आफ्नो नतिजा तथा ग्रेडसिट हेर्नुहुन सूचित गरिएको छ।

तपसिल

क) Google chrome मा bleresult.com टाइप गरी kirtipur municipality / symbol no राखी।

ख) आफ्नो मोबाइलमा KIR<space>symbol number टाइप गरी 34949 मा send गरी।

टंकलाल गिरी
शिक्षा शाखा प्रमुख
कीर्तिपुर नगरपालिका

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३६१, E-mail: ict.munkirtipur@gmail.com

## कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुर्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

## घुम्ती फलफुल तथा तरकारी बिक्री सम्बन्धी सूचना

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै यस कीर्तिपुर नगरपालिकाभित्र साइकल, ठेलागाडा तथा टोकरीमा डुलेर फलफुल तथा तरकारी लगायत अन्य सामग्रीहरू सम्बन्धित वडाको अनुमति बिना बिक्री वितरण गर्ने गरेको देखिएकोले सो कार्य तुरुन्त रोक्नु हुन अनुरोध गरिन्छ । साथै टाटा मोवाइल, भ्यान जस्ता सवारी साधनमा विक्री वितरण गर्नेले सम्बन्धित वडा कार्यालयबाट स्वीकृति लिएर मात्र विक्री वितरण गर्नु हुन समेत अनुरोध गरिन्छ । अन्यथा नियमानुसार कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

## कीर्तिपुर नगरपालिकाको सूचना

नेपाल सरकारले घोषणा गरिरहेको लकडाउनको स्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारको मिति २०७७ बैशाख २४ गतेको निर्णयअनुसार औषधि/स्वास्थ्य सामग्री उद्योग, दुग्ध प्रशोधन, खाद्यान्न, खानेपानी, पशुपक्षी दाना, खाने तेल तथा घ्यू, चिनी, चिया प्रशोधन, कफी, एलपी ग्यास, प्याकेज सामग्री, पाउरोटी, बिस्कुट, कन्फेक्सनरी, चाउचाउ, मसला, दाल, अलैंची, अदुवा प्रशोधन, पशुपक्षीपालन, धान चामल, चिउरा, पशु औषधि, खनिजजन्य उद्योग, बालुवा प्रशोधन तथा क्रसर, सिमेन्ट, फलाम तथा स्टिल, पेन्टिङ, जीआई र प्लास्टिक पाइप, फिटिङ, विद्युतीय सामग्री, जुस तथा हल्का पेय पदार्थ, प्लाइउड र भेनिर, विद्युत् उत्पादन तथा प्रसारणसम्बन्धी उद्योग, जस्तापाता, हेभी मेसिन औजार मर्मत, फलाम, खरी, चुनढुङ्गा, डोलोमाइट, सःमिल, काष्ठ उद्योग, आल्मुनियम, ग्रिल, फोहोरमैला सङ्कलन तथा प्रशोधन, ढुवानी तथा कार्गो सेवा, मेसिन पार्टपुर्जा वर्कसप, मोटर ग्यारेज वर्कसप, छापाखाना तथा प्रेससम्बन्धी उद्योग, लघु तथा घरेलु, विशेष आर्थिक क्षेत्रमा सञ्चालित सबै उद्योग, औद्योगिक क्षेत्रका सबै उद्योग खुला गर्ने निर्णय भएकोले सो अनुसार यस कीर्तिपुर नगरपालिकामा पनि सामाजिक तथा भौतिक दूरी कायम गरी गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

## अत्यन्त जरूरी सूचना

नेपाल सरकारले घोषणा गरिरहेको लकडाउनको स्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारको मिति २०७७ बैशाख २४ गतेको निर्णयअनुसार ढुवानी तथा कार्गो सेवा लगायत खुला गर्ने निर्णय भएकोले यस नगरमा पनि नगरपालिकाको योजना सम्झौता गरी रोकिरहेका सम्पूर्ण कार्यहरू सामाजिक तथा भौतिक दूरी कायम गरी पुनःसुचारु गर्न गराउनु हुन उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरूमा आह्वान गरिन्छ ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७०००३०७०२०००२**

# 'नगर सन्देश'द्वारा कोरोना अपडेट

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित "नगर सन्देश" ले आफ्नो फेसबुक पेजमा कोरोनाबारे नियमित अपडेट गर्ने भएको छ। विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९)बाट सङ्क्रमित, परीक्षण, निको भएकाहरू, क्वारेन्टाइनमा बसेकाहरूका साथै मृत्यु हुनेको सङ्ख्या समेत देखिने गरी यो अपडेट गर्न लागिएको हो।

यस तथ्याङ्कमा सारा विश्व, नेपाल र कीर्तिपुर नगरपालिका क्षेत्र भित्रको तथ्याङ्क अपडेट हुनेछ। आज सोमबार विहान ८ बजेसम्मको तथ्याङ्क अनुसार विश्वमा कोरोना भाइरसबाट सङ्क्रमण भएकाहरू ५४,९८,५७७ पुगेको छ भने कूल मृत्यु ३,४६,६८८ र निको भैसकेकाहरू २३,०२,००४ जना पुगेको छ।

नेपालमा कूल सङ्क्रमण ६०३ जना भैसकेको छ भने कूल मृत्यु ३ जना र निको भएका ८७ जना पुगेको छ।

**कोरोना भाइरस (कोभिड १९) अपडेट**

| विश्व | नेपाल |
|---|---|
| कूल संक्रमण - ५४,९८,५७७ | कूल संक्रमण - ६०३ |
| कूल मृत्यु - ३,४६,६८८ | कूल मृत्यु - ३ |
| निको भइसकेका - २३,०२,००४ | निको भइसकेका - ८७ |

कीर्तिपुर

| आरडीटी | पीसीआर |
|---|---|
| परिक्षण - ३७१ | परिक्षण - १६१ |
| पोजेटिभ - ० | पोजेटिभ - ० |
| नतिजा आउन बाँकी - ० | नतिजा आउन बाँकी - १०७ |

निको - ० | क्वारेन्टिन - ० | मृत्यु - ०

कीर्तिपुर नगरपालिकाको बुलेटिन नगर सन्देशदवारा तयार पारिएको।
अपडेट - मे २५, २०२० सोमवार, बिहान ८:१४ बजे (नेपाली समय)

त्यसैगरी कीर्तिपुरमा आरडिटी परीक्षण ३७१ जनालाई गरेकोमा पोजिटिभ आएकाहरूसमेत अहिले शुन्य भैसकेका छन्। पीसीआर गरेको जम्मा १६१ जनामध्ये १०७ जनाको नजिता आउन बाँकी छ भने अरुसबैको नेगेटिभ नतिजा आएको छ। आरडीटी र पीसीआर परीक्षण गर्नु भन्दा पहिले नै अन्य स्थानबाट आएकाहरू ४ जनालाई कीनपा ४ स्थित ग्रीन भिलेज स्कुलको क्वारेन्टाइनमा राखिएकाहरूलाई पनि हिजो आइतबार आरडीटी परीक्षण गरिएको थियो। सो परीक्षणमा सबैको नेगेभिट नतिजा आएकोले वहाँहरूलाई पनि घर पठाइसकिएको छ। हाल कीर्तिपुरमा क्वारेन्टाइनमा कोही पनि छैनन्।

नेपालभाषाको प्रख्यात अनलाईन नेपालमण्डल डटकमको सहयोगमा यो अपडेट हुने प्रणाली निर्माण भएको हो।

---

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ
[illegible] प्रदेश, नेपाल।

प.स. ०७६/०७७
च.न.

मितिः- २०७७/०२/१०

**कीर्तिपुर नगरपालिकाको कोरोना अपडेट**

| मिति | RDT परिक्षण संख्या | PCR परिक्षण संख्या | RDT Positive आउनेको संख्या | RDT को रिपोर्ट Positive आएर क्वारेन्टाईनमा बस्नेको संख्या | PCR Positive आउनेको संख्या | PCR Negative आउनेको संख्या | क्वारेन्टाईनबाट घर फर्कनेको संख्या | परिक्षण गरेको समूह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७७ जेष्ठ ०५ गते | ६९ | २८ | ४ | ४ | ० | ० | ० | सरसफाई कर्मी/सफाई मजदुर | |
| २०७७ जेष्ठ ०६ गते | ६७ | २८ | ५ | ५ | ० | ० | ० | जनप्रतिनिधि तथा कर्मचारीहरु | |
| २०७७ जेष्ठ ०७ गते | ६९ | १०५ | ० | ० | ० | ० | ० | स्वास्थ्यकर्मी तथा कर्मचारीहरु | |
| २०७७ जेष्ठ ०९ गते | ३७ | ० | ० | ० | ० | ० | ० | स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरु र पत्रकारहरु | ४ जना पहिलेको RDT positive व्यक्तिहरुको परिक्षण पुन गरिएको र रिपोर्ट Negative आएको |
| २०७७ जेष्ठ १० गते | ० | ० | ० | ० | ० | ५४ | ९ | | जेष्ठ ५ र ६ गतेको मा २ जनाको PCR रिपोर्ट आउन बाँकी |
| नोटः पहिलेकै नै ४ जना क्वारेन्टाईमा रहेका। | | | | | | | | | |

- मिति २०७७/०२/०५ गते र २०७७/०२/०६ गते RDT positive आएका ९ जना व्यक्तिहरुको PCR परिक्षणको लागि पठाईएको सबै रिपोर्ट मिति २०७७/०२/१० गते Negative आएको र घर फर्कने अनुमतिका साथ सेल्फ क्वारेन्टाईनमा बस्ने निर्देशन दिइएको।

| अन्य गतिविधीः | मिति २०७७/०२/०९ गते देखि नगरपालिका प्रवेश गर्ने केही नाकाहरुमा स्वास्थ्य परिक्षणका लागि स्वास्थ्यकर्मी र स्वयमंसेवी परचालन गरिएको। |
|---|---|

.......................
सरस्वती रिजाल खड्का
उप-प्रमुख एवं प्रवक्ता
अध्यावधिक मिति २०७७ जेष्ठ १० गते, साँझ ७:०० बजे

---

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्याः ०७६/०७७
च.नं.: १३३

मितिः २०७७/०२/०८

**कीर्तिपुर नगरपालिकाका सम्पूर्ण विद्यालयहरुलाई जरुरी सूचना**

विश्वव्यापीरुपमा फैलिएको COVID-19 कोरोना भाइरसका कारण हामी ५८ औं दिनको लकडाउनको पालनामा छौं। सरकारको निर्देशन अनुसार "आफू सुरक्षित बस्ने र अरुलाई पनि सुरक्षित राख्ने" मूल मन्त्रलाई अंगाल्दै घरमै बसेका छौं। नगरभरिका विद्यालयहरुले पनि सोही बमोजिम शिक्षक कर्मचारी, विद्यार्थी, व्यवस्थापन समिति लगायत सम्बद्ध सबै पक्ष सुरक्षितरुपमा रहनुभएको विश्वास यस शाखाले लिएको छ र सो कामका लागि सबैप्रति धन्यवाद ज्ञापन गर्दछ।

विद्यालयहरुले शिक्षा प्रदान गर्नुका अतिरिक्त बिपद् र विषम परिस्थितिहरुमा समुदायको असल र भरोशायोग्य मित्रको भूमिका निर्वाह गर्दै आएको कुरा २०७२ सालको भूकम्पका बेला पनि प्रमाणित भएकै कुरा हो।

कीर्तिपुर नगरपालिकाले पनि देशमा कोरोनाको प्रभाव देखिनु अघिनै कदाचित त्यस्तो समय आएमा सङ्क्रमितलाई सुरक्षित राख्न नगरका विद्यालयहरुमा आवश्यकतानुसार क्वारेन्टाईन निर्माण गर्ने भनि नगर कार्यपालिकाको मिति २०७६/१२/१० को बैठकले निर्णय गरेको व्यहोरा स्मरण गराउँदै आ-आफ्नो वडा कार्यालयसँग समन्वय र सम्पर्कमा रही वडाले आवश्यकता महशुस गरी माग गरेमा स्थानीय सरकारको कोरोना विरुद्धको अभियान र क्वारेन्टाइन व्यवस्थापनमा साथ र सहयोग पुऱ्याउनुहुन अनुरोध छ।

शिक्षा शाखा
कीर्तिपुर नगरपालिका, कीर्तिपुर

E-mail: ict.munkirtipur@gmail.com

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com